Our compassionate God and savior II

# हाम्रो दयालु परमेश्वर र मुक्तिदाता (उद्धारकर्ता)

## भाग २

परिचय

यो अध्ययनको पहिलो भागमा हामीले येशूको दयामा उहाँले गर्नुभएका चङ्गाई र अनुग्रहका कामका बारेमा हेर्‍यौं । यसमा भागमा पनि यही कुरालाई नै निरन्तरता दिनेछौं ।

**महिलाहरू र बालबालिकाहरू**

**धर्मशास्त्रः लूका ८:४३-४४ "बाह्र वर्षदेखि रक्तस्राव पीडित एउटी स्त्री, जसलाई कसैले निको पार्न सकेन, त्यसले पछिल्तिरबाट भएर उहाँको (येशूको) लुगाको एक छेऊ छोई र तुरुन्तै त्यसको रक्तस्राव बन्द भयो ।"**

१. त्यस स्त्रीको के समस्या थियो ?

..............................................................

..............................................................

मर्कुसले लेखेको यस कथामा लेखकले भन्दछन्, "त्यस स्त्रीले आफ्नो सबै रूपैयाँ पैसा त्यो रोग निको पार्न खर्च गरिन् र पनि उसको रोग निको भएन, तर झन् बिग्रदै गयो ।

२. उसले के गरिन ?

..............................................................

..............................................................

३. नतिजा के निस्कयो ?

..............................................................

..............................................................

जब येशूले सोध्नुभयो कसले मलाई छोयो भनेर, तब त्यो स्त्री येशूको पाउमा परिन् ।

**धर्मशास्त्रः लूका ८:४८ उहाँले त्यसलाई भन्नुभयो, 'छोरी तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ ।'"**

४. येशूले उनलाई के भन्नुभयो ?

..............................................................

..............................................................

**धर्मशास्त्र मत्ती ९:१९ "त्यही दिन एकजना सभाघरको शासक आए, 'मेरी छोरी भर्खरै मरी, तर आएर त्यसमाथि तपाईंको हात राखिदिनुहोस्, त्यो जिवित हुन्छे ।' येशू उठ्नुभयो र चेलाहरूसँग तिनको पछि लाग्नुभयो ।"**

५. येशूकहाँ को आए ?

..............................................................

..............................................................

६. उसको समस्या के थियो ?

..............................................................

..............................................................

७. उसले येशूलाई के भने ?

..............................................................

..............................................................

कस्तो विश्वास ! छोरी पहिले नै मरिसकेकी थिई, तर पनि बाबुको विश्वास थियो कि येशूले उसकी छोरीलाई जिवित पार्नसक्नुहुन्छ ।

जब येशू त्यो शासकको घरमा पुग्नुभयो, तिनका साथीभाइ र आफन्तहरू मृत्युको विधिहरू पूरा गर्न शुरु गरिसकेका थिए ।

**धर्मशास्त्र मत्ती ९:२५ "... उहाँ भित्र पस्नुभयो र त्यस ठिटीको हात समात्नुभयो, अनि त्यो ठिटी जुरुक्क उठी ।"**

८. येशूले के भन्नुभयो ?

..............................................................

..............................................................

**अन्यजातिहरू**

येशू प्रभु, जसले आफैं स्वीकार गर्नुभयो कि उहाँ यहूदीहरूका निम्ति पठाइनुभएका भएता पनि उहाँले अरूलाई पनि निको पार्ने काम गर्नुभयो । येशूको अन्यजातिहरूप्रति दयाको बारेमा बाइबलले हामीलाई दुई वटा महत्वपूर्ण कुराहरू देखाउँछ ।

मत्तीको पुस्तक ८ अध्यायमा, एउटी रोमी कप्तान, जो येशूकहाँ आफ्नो पक्षघाती नोकरको लागि आउँदछ । येशूले उसको घर जाने इच्छा देखाउँदा त्यो कप्तानले अस्वीकार गर्दछ ।

**धर्मशास्त्र मत्ती ८:८-१० "...तर वचनमात्र बोलिदिनुहोस् र मेरा नोकर निको हुनेछ किनकि म पनि अधिकारीहरूको अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन् । म एक जनालाई 'जा' भन्छु, अनि त्यो जान्छ, अनि अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ । मेरो कामदारलाई 'यसो गर' भन्छु, अनि त्यसले त्यो गर्छ । तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, 'साँच्चै म तिमीहरूलाई भन्दछु, इस्रायलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैन ।'"**

९. येशू प्रभुले कप्तानको प्रशंसा कसरी गर्नुभयो ?

.................................................................

.................................................................

**धर्मशास्त्र मत्ती ८:१३ "तब येशूले कप्तानलाई भन्नुभयो, 'जाऊ जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस् । अनि त्यो नोकर त्यही घडी निको भयो ।'"**

१०. के भयो ?

.................................................................

.................................................................

त्यही सुसमाचारमा, एउटा कनानीको वर्णन हामी पाउछौं, जो शैतानहरूबाट सताइएको आफ्नो छोरीको निम्ति येशूकहाँ बिन्ती चढाउन आउँछे । पहिला त येशू प्रभुले इन्कार गर्नुहुन्छ, तर जब त्यस स्त्रीले ढिपी गर्छिन, येशू नम्र हुन्छन् ।

**धर्मशास्त्रः मत्ती १५:२८ "जब येशूले त्यसलाई जवाफ दिनुभयो 'एः नारी, तिम्रो विश्वास ठूलो रहेछ । तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस् ।' त्यसकी छोरी त्यही घडी निको भइहाली ।"**

११. येशूले त्यस कनानी स्त्रीलाई के भन्नुभयो ?

.................................................................

.................................................................

१२. त्यसकी छोरीलाई के भयो ?

.................................................................

.................................................................

यी दुई अन्यजातिहरूमाथि येशूले ठूलो मान प्रदान गर्नुभयो ।

येशू कहिलेकाँही आफ्नो दयामा मानिसहरूसित नै सहभागी बन्नुहुन्थ्यो । उहाँ जहाँ जानुहुन्थ्यो, धेरै भीडहरूले उहाँलाई पछ्याइरहेका हुन्थे ।

**धर्मशास्त्रः मर्कूस ८:२-३ "यस भीडलाई म टिठ्याउँछु किनभने यिनीहरू मसँग रहेको आज तीन दिन भयो र यिनीहरूसित खान केही छैन । अनि यदि यिनीहरूलाई भोकै पठाएँ भने यिनीहरू बाटोमै मुर्छा पर्नेछन् । यिनीहरूमध्ये कोही-कोही टाढाबाट आएका छन् ।"**

१३. येशू प्रभुलाई ती मानिसहरूमाथि किन दया लाग्यो ?

.................................................................

.................................................................

खानाको नाममा त्यहाँ सात ओटा रोटी मात्र थियो । येशू प्रभुले चार हजार मानिसहरू बस्न लाउनुभयो र चेलाहरूले उनीहरूलाई खाना बाड्न थाले, फेरि अर्को एउटा आश्चर्य काम गरियो ।

**धर्मशास्त्रः मर्कूस ८:८ "...अनि उब्रेको टुक्राहरू तिनीहरूले सात डालाभरि उठाए ।"**

१४. आश्चर्यकाम के थियो ?

.................................................................

.................................................................

## शबाथको दिनमा चङ्गाई

येशू प्रभुको चङ्गाई, विशेष शबाथको दिनमा भएकाले लगातार धार्मिक अधिकारीहरूसँग उहाँको मतभेद हुन्थ्यो ।

**धर्मशास्त्रः मर्कूस ३:१-२,५ "पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो । त्यहाँ सुकेको हात भएको एउटा मानिस थियो । कतै उहाँले त्यसलाई शबाथ दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लगाउन मानिसहरू उहाँको चेवामा थिए ।**

**तिनीहरूका हृदयको कठोरतामा दु:खित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, 'तिम्रो हात पसार ।' त्यसले आफ्नो हात पसाऱ्यो र त्यसको हात निको भयो ।"**

१५. त्यस मानिसलाई के भएको थियो ?

.................................................................

.................................................................

१६. यहूदी धर्मगुरुहरू के चाहन्थे ?

.................................................................

.................................................................

१७. त्यसपछि के भयो ?

.................................................................

.................................................................

त्यस्तै अर्को अवसरमा येशू यहूदी धर्मगुरुको माझमा प्रचार गर्दै हुनुहुन्थ्यो र त्यहाँ अठाह्र वर्षदेखि शैतानबाट पेलिएकी एउटी महिला पनि थिइन् ।

**धर्मशास्त्रः लूका १३:१२-१३ येशूले त्यसलाई देख्नुभयो र बोलाएर भन्नुभयो " ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ"। तब उहांले त्यसमाथि आफ्नो हात राख्नुभयो र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्नलागी ।**

१८. येशूले त्यस स्त्रीलाई के भन्नुभयो ?

.................................................................

.................................................................

१९. त्यसपछि के भयो ?

.................................................................

.................................................................

**धर्मशास्त्र लूकाः १३:१४ "सभाघरका शासक क्रोधित भएः किनकि येशूले शबाथमा निको पार्नुभएको थियो र तिनीहरूले मानिसहरूलाई भने काम गर्ने छ दिन छन् । यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन् ।"**

२०. धर्मगुरु किन रिसाए ?

.................................................................

.................................................................

येशूले ती धर्मगुरुलाई उनीहरूको कठोरताको लागि हप्काउनुभयो, तर मानिसहरू दंगदास भए ।

येशूको धेरै जसो उखानहरूमा परमेश्वर र उहाँका मानिसहरू बीचको सम्बन्ध देखाइएको छ । उडाऊ पुत्रको उखानमा, एउटा मानिसको कान्छो छोराले आफ्नो बाबुको मृत्यू हुनुभन्दा अघि आफ्नो भागको सम्पति  माग्छ । ऊ आफ्नो घरबाट टाढा गएर सबै सम्पति सिध्याउँछ । अन्तमा ऊ गरीब अबस्थामा पुग्दा उसले आफ्नो पिताको घरमा बस्ने नोकर नै ऊभन्दा राम्रो स्थितिमा छ भन्ने कुरा उसले थाहा गर्छ । उसले आफ्नो बुबाको घर फर्केर माफी माग्ने निर्णय गर्छ ।

**धर्मशास्त्रः लूका १५:२०-२१ "तर त्यो धेरै टाढा छंदा त्यसको बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए, दौडेर गई त्यसलाई अँगालो हाले र त्यसलाई चुम्बन गरे ।"**

२१. पिताको मनोभाव कस्तो थियो ?

.................................................................

.................................................................

२२. उनले के गरे ?

.................................................................

.................................................................

पिताले पनि उसलाई राम्रो लुगा, औंठी र जुत्ता लगाउन दिए र उसको निम्ति एउटा ठूलो भोजको आयोजना गरे । येशूले हामीलाई पिताको हामीप्रतिको धारणाको सुन्दर चित्रण दिनुहुन्छ । हामीले पाप गर्दा पनि उहाँले हामीप्रति दया देखाई हामीलाई क्षमा गर्न तयार हुनुहुन्छ ।

**धर्मशास्त्रः २ कोरिन्थी १:३-४ "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता सबै शान्त्वनाका परमेश्वरलाई प्रशंसा होस् । उहाँले हामीलाई सबै दु:खमा सान्त्वना दिनुहुन्छ ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले कुनै पनि दु:खमा परेकाहरूलाई सान्त्वना दिन सकौं ।"**

२३. परमेश्वर हाम्रो लागि के चाहनुहुन्छ ?

.................................................................

.................................................................

मत्तीको १८ अध्यायमा एउटा निर्दयी नोकरको बारेमा उखान छ, जसको मालिकले उसका सबै ऋण माफ गरिदिन्छ। तर उसको आफ्नो सङ्गी नोकरलाई भने थोरै ऋण पनि माफ दिँदैन । जब उसको मालिकले त्यो निर्दयी नोकरले गरेको कामको बारेमा सुन्छ, तब मालिकले ऋण नतिरेसम्म निर्दयी नोकरलाई जेलमा राख्ने हुकुम दिन्छ ।

येशूको वचनले हामीलाई धेरै कुरा सोच्न अवसर दिँदछ ।

**धर्मशास्त्रः मत्ती १८:३५ "तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौं भने स्वर्गमा हुनुहुने मेरो पिताले पनि तिमीहरूसँग यस्तै गर्नुहुनेछ ।"**

२४. येशूको वचनलाई आफ्नै शब्दमा व्याख्या गर ।

.....................................................................

.....................................................................

**उत्तरहरू**

१. त्यो स्त्री बाह्र वर्षदेखि रक्तश्रावले पिडित थिइन् र कसैले पनि निको पार्न सकेको थिएन,
२. उसले येशूको लुगाको एक छेउमा छोई,
३. उसको रगत बग्न बन्द भयो,
४. तिम्रो विश्वासले तिमीलाई निको पारेको छ,
५. एकजना सभाघरको शासक,
६. उसकी छोरी मरेकी थिई,
७. "तपाईं आएर त्यसमाथि हात राखिदिनुहोस् र त्यो जीवित हुन्छे",
८. उहाँले त्यस ठिटीको हात समात्नुभयो र ठिटी उठिन्,
९. उहाँले भन्नुभयो कि इस्राएलमा पनि त्यस मानिसको जस्तो विश्वास उहाँले भेट्टाउनुभएन,
१०. त्यो नोकर निको भयो,
११. "तिम्रो विश्वास ठूलो छ । तिम्रो बिन्ती स्वीकार भएको छ",
१२. त्यो केटी निको भई,
१३. किनभने त्यो भीड तीन दिनदेखि उहाँसँगै थिए: खाना खुवाएबिना उनीहरूलाई घर पठाएमा उनीहरू मुर्छा पर्नेछन्,
१४. सबैलाई खानेकुरा बाँडिसकेपछि सात डाला टुक्राटाक्री उब्रियो,
१५. उसको हात सुकेको थियो,
१६. येशूले शबाथ दिनमा त्यसलाई निको पार्छन् कि भनी हेर्न चाहन्थे,
१७. येशूले त्यस मानिसलाई भन्नुभयो, "हात पसार ।" त्यो मानिसले त्यस्तै गऱ्यो र ऊ पूरै निको भयो,
१८. हे स्त्री, तिमी आफ्नो कमजोरीबाट मुक्त भएकी छौ,
१९. येशूले आफ्नो हात त्यस स्त्रीमाथि राख्नुभयो र तुरुन्तै तिनी सिधा भइन र परमेश्वरको प्रशंसा गर्न थालिन्,
२०. किनभने येशूले शबाथ-दिनमा निको पार्नुभएको थियो,
२१. आफ्नो छोराको लागि तिनको हृदय दयाले भरिए:,
२२. दौडेर गई त्यसलाई अँगालो हालेर चुम्बन गरे,
२३. हामीले परमेश्वरबाट पाएको सान्त्वनाले कुनै पनि दुःखमा परेकाहरूलाई सान्त्वना दिन सकौं,
२४. तपाईंको आफ्नै शब्दहरू ।

यस प्रकाशनका सम्पूर्ण धर्मशास्त्रीय वचन बाइबलबाट लिइएको हो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal